## भद्रपुर नगरपालिका

## **स्थानीय राजपत्र**

## प्रदेश नं. १ झापा नेपाल

### भद्रपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

### खण्ड ३ भद्रपुर, माघ २० गते, २०७६ साल, संख्या ८

### भाग २

### भद्रपुर नगरपालिका

### नगरकार्यपालिकाको कार्यालयको सूचना

भद्रपुर नगरपालिकाबाट जारी भएको देहाय बमोजिमको कार्यबिधि सर्वसाधारणका लागि प्रकाशन गरिएको छ ।

**भद्रपुर नगरपालिकाको**

# बालकोष संचालन कार्यविधि

# २०७६

*स्वीकृत मिति: २०७६/०९/२४*
*प्रमाणीकरण मिति : २०७६/१०/२०*

## प्रस्तावना

नेपालको संविधान २०७२ को मौलिक हक सम्बन्धी धारा ३९ मा गरिएको व्यवस्था, बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्यविधि २०६८ र बाल अधिकारको महासन्धि सन् १९८९ का मूल्य मान्यता र सिद्धान्तहरुका आधारमा १८ वर्ष उमेर नपुगेका बालबालिकाहरुको आधारभुत अधिकार सुनिश्चिततताका लागि नेपाल सरकारको प्रतिबद्धता रहेकोछ । समुदायमा रहेका सबै बालबालिकाहरुको अवस्था र स्तर एउटै छैन । शारीरिक, मानसिक रुपमा भिन्न क्षमता भएका र सामाजिक रुपमा अझै पनि अधिकांश बालबालिकाहरुको दैनिक गुजारा राम्ररी हुन सकी रहेको पनि छैन । बचावट, संरक्षण, विकास र सहभागिताको अधिकार सुनिश्चितता गर्न बालबालिकाहरुको भावना र उमेर क्षमतामा असर पुग्ने किसिमका कार्यहरुबाट बालबालिकाहरुलाई समयमा संरक्षण गर्दै उनीहरुको जीवनमा आई पर्ने अवरोध र दुर्व्यवहारका साथै जोखिमबाट मुक्त राखी घरपरिवार समुदायदेखि स्थानीय स्तरका सबै तहहरुमा बालबालिकाको उमेर, क्षमता र अवस्था अनुसारको व्यवहार गर्नु सबैको दायित्व पनि हो । हिंसा, कुटपिट, दुर्व्यवहार, श्रम शोषण, यौन शोषण, भिन्न क्षमता, अभिभावक विहिन र सडक जीवनयापन गर्न बाध्य भई जोखिममा परेका बालबालिकाहरुको संरक्षण गर्दै उनीहरुलाई समाजमा रहेका अन्य बालबालिका जस्तै चौतर्फी विकासमा सहयोग पुऱ्याउन भद्रपुर नगरपालिकाले जोखिममा परेका बालबालिकाहरुको हित गर्न २०७६ सालमा नगरसभाबाट बालकोषको स्थापना गरिएको हो । कोषको स्थापना र वितरणबाट विपदका साथै जोखिममा परेका बालबालिकाहरुको समयमा उद्धारका साथै सहयोग कार्यलाई व्यवस्थित बनाई नगरपालिकाको अगुवाईमा बालमैत्री स्थानीय शासन नगर समितिको समन्वयमा बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ को बुँदा नं. १४ तथा बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ को बुँदा नं. २७, २८ र २८ को आधारका स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बालकोष संचालन कार्यविधि, २०७६ तयार गरी भद्रपुर नगरपालिकाको नगर सभाबाट स्वीकृत गरेकोछ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम बालकोष संचालन कार्यबिधि २०७६ रहेको छ ।

(ख) यो कार्यविधि भद्रपुर नगरपालिकाको नगर सभाबाट स्वीकृत भएपछि तुरुन्त लागु हुनेछ ।

२. **संस्थाको नाम, ठेगाना तथा कार्यालय स्थापना सम्बन्धी व्यवस्था :**

(क) कार्यालयको नाम: भद्रपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, भद्रपुर, झापा रहनेछ ।

(ख) कार्यालयको ठेगाना : भद्रपुर, झापामा रहनेछ ।

(ग) समिति भन्नाले भद्रपुर नगरपालिकाको बालमैत्री स्थानीय शासन नगर समन्वय समितिलाई सम्झनु पर्नेछ ।

***बालबालिका सबैका प्यारा ‼ बालमैत्री नगर हाम्रो अभिभारा ‼***

(ग) “बालबालिका” भन्नाले १८ वर्ष उमेर पुरा नगरेका (१७ वर्ष ११ महिना २९ दिनसम्मका) व्यक्तिलाई संझनु पर्दछ ।

(घ) “अनाथ बालबालिका” भन्नाले प्रचलित कानुन बमोजिम अनाथ प्रमाणित गरिएका र पालन पोषण तथा संरक्षणका लागि कुनै परिवारको जिम्मामा नरहेका वा जिम्मा रहेको भएतापनि आर्थिक दृष्टिकोणले विपन्न परिवार, व्यक्ति वा संरक्षक रहेका बालबालिका भन्ने संझनु पर्छ ।

(ङ) “असहाय बालबालिका” भन्नाले बालबालिकाको पालन पोषण, शिक्षा दिक्षा, उपचार तथा संरक्षणको लागि सहयोग तथा सहायता गर्ने एकाघरका उमेर पुगेको कोही व्यक्ति नभएको बालबालिका संझनु पर्दछ ।

(च) “अशक्त बालबालिका ” भन्नाले गम्भीर शारीरिक र मानसिक समस्या भएका तथा अपाङ्गता भई प्रचलित कानुन बमोजिम “क” वा “ख” वर्गको अपाङ्गता परिचय पत्र प्राप्त गरेका बालबालिका संझनु पर्दछ ।

(छ) “विशेष संरक्षणको आवश्यकता भएका बालबालिका” भन्नाले बालबालिका सम्बन्धि ऐन २०७५ को दफा ४८ को उपदफा (१) को खण्ड क, ग, छ, ज, झ, ट र ठ मा उल्लेखित बालबालिका संझनु पर्दछ ।

(ज) “जोखिममा परेका बालबालिका” भन्नाले हराएका, अपहरणमा परेका, बेपत्ता भएका, बेचबिखनमा तथा ओसार पसारमा परेका, हिंसामा परेका, यौन दुर्व्यवहार र शोषणमा परेका वा सडकमा जीवन जीउन बाध्य भएका, जोखिमपूर्ण व्यवसाय कामबाट उद्धार गरी राहत सहयोगको आवश्यकता भएका बालबालिकालाई संझनु पर्दछ ।

(झ) “विपन्न परिवारका बालबालिका” भन्नाले प्रचलित कानून अनुसार नेपाल नीति बमोजिम विपन्न परिवार मानिएका पिरिएका बालबालिका संझनु पर्दछ ।

(ञ) “गम्भिर प्रकृतिको घातक रोग” भन्नाले नेपाल सरकारले घातक रोग भनी घोषणा गरेका क्यान्सर, मुटु, मृगौला, हेड इन्जुरी, स्पाइनल इन्जुरी, सर्कलसेल एनिमिया, पक्षघात, फोक्सो, कलेजो रोग जस्ता घातक एवम् उपचारका दृष्टिकोणले महंगो हुने रोगहरु संझनु पर्दछ ।

(ट) “वडा समिति” भन्नाले बालबालिकाको बुवा आमाको स्थायी बसोबास भएको स्थानीय तहको वडा कार्यालय संझनु पर्दछ । सो शब्दले बुवा तथा आमा छुट्टिएर अलग बसेकोमा जोसंग बालबालिका बस्छ निजको स्थायी बसोबास रहेको वडाको वडा समितिलाई जनाउछ ।

(ठ) सम्बन्धित मन्त्रालय भन्नाले नेपाल सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा महिला बालिबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय संझनु पर्दछ ।

**परिच्छेद – २**

## उद्देश्य र कार्य

**३ <u>उद्देश्य</u> :**

- शारीरिक, मानसिक, सामाजिक रुपले हेला, दुर्व्यवहार, हिंसा, कुटपिट र यातनाबाट पिडित भई जोखिममा परेका बालबालिकाहरुको पहिचान र संरक्षण गर्ने ।
- भद्रपुर नगरपालिकाले पहिलो पटक निश्चित कोषको स्थापना गर्ने र वडा कार्यालयलाई वार्षिक रुपमा आन्तरिक स्रोतबाट बाल कोषमा रकम छुट्याई परिचालन गर्ने ।
- स्थानीय तह, विषयगत कार्यालय, उद्योगी व्यापारी, बाल क्लब संजाल, राजनीतिक दल, अभिभावक, समाजसेवीहरुलाई बालबालिकाहरुको हित र संरक्षण कार्यमा सहभागिता गर्ने ।
- भद्रपुर नगरपालिकाको बालमैत्री नीति र कार्यविधि पालना गर्न, हिंसा र जोखिममा परेका बालबालिकाहरुको हित र उत्थानमा कोषको रकम परिचालन गर्ने ।

- जोखिममा परेका बालबालिकाहरुको लागि नगरपालिका स्तरबाटै तत्कालको लागि राहत पुऱ्याउने कार्यक्रम संचालन गरी समयमा बालबालिकाहरुमा लगानीको वातावरण सृजना गर्ने ।
- बालबालिकाको हितका लागि खडा गरिएको बालकोषको वृद्धि गर्ने र कोषलाई व्यवस्थित र पारदर्शिता कायम गर्ने ।
- भद्रपुर नगरपालिकाको नीति, निर्देशिकामा व्यवस्था भए अनुसार बालकोषको प्रयोग प्रभावकारी ढंगले बाल अधिकार सुनिश्चितताको वातावरण तयार गर्नमा सहयोग गर्ने ।

**४ कोष वृद्धिका कार्यहरु (स्रोतहरु) :**

- भद्रपुर नगरपालिकाको आफनो वार्षिक बजेटबाट जोखिममा परेका बालबालिकाहरुलाई समयमा सहयोग पुऱ्याउन बालकोषका लागि रकम छुट्टयाउने ।
- प्रत्येक वडाहरुले आफनो आन्तरिक आम्दानीको ५ प्रतिशत रकम बालकोषमा छुट्टयाउँदै जाने ।
- नगरपालिकाको आन्तरिक आयको कम्तीमा ५ प्रतिशत रकम बालकोषमा राख्ने ।
- बालबालिकाहरुको हितका लागि कोष राख्ने र कोषको आवश्यकता माथि सबै सरोकारवालाहरुमा जानकारी गर्ने ।
- प्रचार प्रचार गर्ने सो कार्यमा नगर बाल संजाललाई परिचालन गर्ने ।
- बालमैत्री स्थानीय शासन नगर समिति र बालक्लब संजालको अगुवाईमा अन्य वैकल्पिक उपायहरुको अवलम्बन गरी बालबालिकाहरुको उद्धार तथा हितका लागि रकम सहयोग लिने ।
- भद्रपुर नगरपालिका क्षेत्रमा रहेका मुख्य व्यापारिक केन्द्रहरु र बजारमा सहयोग पेटिका राख्ने ।
- संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम ।
- भद्रपुर नगरपालिका भित्र रहेका विषयगत कार्यालय, उद्योगी व्यापारी, बालक्लब संजाल, राजनीतिक दल, समाजसेवी, अभिभावक र इच्छुक सहयोगतदाताहरुबाट बालबालिकाहरुको हित गर्न कोष संकलन गर्ने ।
- आ-आफनो धर्म र संस्कार अनुसार मनाइने चाँडपर्वहरुमा बालक्लब, विद्यालय र अभिभावकहरुको सहभागितामा सांस्कृतिक कार्यक्रम संचालन गरी रकम संकलन गर्ने ।
- बालमैत्री स्थानीय शासन युक्त नगर घोषणाका लागि भद्रपुर नगरपालिकाको सभाद्वारा पारित गरेका बालमैत्री नीति र आचार संहिता पालना नगर्ने व्यक्ति परिवारबाट जरिवाना लिने र सो जरिवानाको रकम बालकोषमा नै जम्मा गर्ने ।
- बालकोष वृद्धिका लागि भद्रपुर नगरपालिका, बालमैत्री स्थानीय शासन नगर समिति, बालमैत्री स्थानीय शासन वडा समिति, बालमैत्री स्थानीय शासन टोल समिति, बालक्लब र राजनीतिक दलको सहमति र सहकार्यमा अन्य रचनात्मक गतिविधिहरु गर्ने ।

**५. आर्थिक सहयोग गराउने आधारहरु र सीमा :**

बाल कोष संचालन कार्यबिधि बमोजिम लक्षित बालबालिकाहरुलाई सामान्यतया एक वर्ष वा एक पटकमा देहाय बमोजिमको आर्थिक सहयोग देहायको आधार र सीमाको परिधि भित्र उपलब्ध गराइनेछ ।

(क) गम्भिर प्रकृतिको रोग वा घातक रोग, दुर्घटना तथा चोटपटकबाट गम्भीर रुपमा घाईते भएका, गम्भीर रुपमा शारीरिक वा मानसिक समस्या वा गम्भीर अपाङ्गता भएका कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवनयापन गर्न कठिनाई भएका बालबालिकाको **उपचार सहयोग** रु.५ हजारदेखि ७ हजारसम्म ।

(ख) अनाथ/असहाय/अशक्त बालबालिका वा बाबुआमालाई गभीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएको बालबालिकाको पालन पोषण, **शिक्षा दिक्षामा सहयोग** रु.३ हजारदेखि ५ हजारसम्म ।

(ग) प्राकृतिक तथा मानवीय कारणबाट जोखिममा परेका बालबालिकाहरुको तत्कालिन रुपमा **संरक्षण** रु.२ हजारदेखि ३ हजारसम्म ।

(घ) अति गरिब विपन्न परिवारका बालबालिकाहरुका लागि **आधारभूत आवश्यकताहरु** : पोशाक, शैक्षिक सामग्री, सामान्य औषधि उपचार रु. २ हजार पाँच सयसम्म ।

(ङ) परिवारविहीन भई सडक जीवनयापन गरिरहेका बालबालिकाहरुको उचित आश्रयस्थलमा व्यवस्थापन वा **परिवारमा पुर्नमिलन गराउनु भन्दा अघि** बालबालिकाको संरक्षण र हेरचार रु. २ हजार ५ सयसम्म ।

(छ) घरपरिवार, समुदाय, विद्यालयबाट हुने हिंसा कुटपिट, दुर्व्यवहार र यौनजन्य **दुर्व्यवहारबाट पिडित** बालबालिकाहरुलाई तत्कालिन अवस्थामा जोखिमबाट थप हुन सक्ने क्षतिलाई रोकथाम गर्न असमर्थ हुने बालबालिकालाई रु.२ हजार ५ सयसम्म ।

(ज) उपयुक्त उलेखित घटना तथा जोखिम भन्दा बाहेकका घटना तथा विपत्ति आई बालबालिकाहरु जोखिममा परी उनीहरुका परिवारबाट संरक्षण विहिन बालबालिकाको हकमा बालकोष संचालन समितिको बैठकले निर्णय गरे बमोजिम हुनेछ ।

**६. सिफारिश पत्र आवश्यकता:**

बालकोष कार्यविधि अनुसारको आर्थिक सहयोग लिन वा प्राप्त गर्न सम्बन्धित बालबालिका बसोबास गरेका वडाको वडा कार्यालयको सिफारिश आवश्यक हुनेछ ।

(क) गम्भीर प्रकृतिको रोग वा घातक रोग तथा चोटपटक उपचारको लागि स्थानीय वडा समितिको निर्णय, अनाथ वा असहाय वा विपन्न परिवारको बालबालिका अस्पतालमा उपचारार्थ भए अस्पतालको भर्ना पर्चा तथा चेक जाँचको प्रेस्क्रिप्सन वा अस्पतालको पत्र ।

(ख) अनाथ वा असहाय वा अशक्त वा हेरचाह नपाएका बालबालिकाको पालन पोषण, हेरचाह तथा संरक्षणका लागि सम्बन्धित स्थानीय तहको वडा समितिको निर्णय तथा विपन्न परिवारको सिफारिश पत्र ।

(ग) विपन्न परिवारका बालबालिकाका लागि पोशाक, विद्यालयका लागि झोला तथा शैक्षिक सामग्री वा सामान्य उपचारको लागि सम्बन्धित स्थानीय तहको वडा समिति र अध्ययनरत विद्यालयको सिफारिश पत्र ।

(घ) जोखिममा परेका वा प्राकृतिक र मानवीय कारणबाट श्रृजित आपतकालिन घटनाबाट पिडीत बालबालिकाहरुको तत्काल संरक्षण र उद्धारका लागि सम्बन्धित वडा समितिको सिफारिश ।

**७. बाल कोष वितरण**

बालकोषमा जम्मा गरिएको वा भएको कोष जोखिममा परेका बालबालिकाहरुको तत्कालिन आवश्यकता परिपूर्ति गर्न बालकोष संचालन समितिको निर्णयानुसार सहयोग गरिनेछ । आमा बुवा विहीन भएका, श्रम शोषणमा परेका, यौन शोषण, यौन दुर्व्यवहार, मानसिक सन्तुलन गुमाएका, अपाङ्गता भएका दैनिक रुपमा खान लाउन नपाउने, गरिबीका कारण विद्यालय जानबाट वन्चित भएका, कसुरजन्य कार्यमा परेका, विपद्मा परेका र सामाजिक मूल्य मान्यताका कारण घरेलु हिंसा, कुटपिटबाट पिडित र बेचबिखनमा बालबालिकाहरुलाई सहयोग गर्नेछ । नगरपालिका भित्र जोखिममा परेका बालबालिकाहरु नभएको अवस्थामा कोषबाट बालबालिकाहरुको विकास र समृद्धिमा नै कार्यक्रम बनाई खर्च गरिनेछ । समितिको निर्णय र सभाबाट स्वीकृत पछि मात्र संचालन गर्नु पर्ने हुन्छ ।

**८. कोष संचालन समिति :**

कुनैपनि कार्य संचालनको प्रभावकारिता र दिगो रुपमा संचालन गर्न कसै न कसैले जिम्मेवारी लिनु पर्ने हुन्छ । भद्रपुर नगरपालिकामा स्थापना गरिएको बालकोषको परिचालन गर्न नगरपालिका, वडा कार्यालय, बालमैत्री स्थानीय शासन नगर तथा वडा समिति, बालक्लब संजाल, स्वास्थ्य व्यवस्थापन समिति, संरक्षक शिक्षक, महिला विकास उपशाखा र बाल संरक्षण तथा संबर्द्धन समितिको सहभागिता रहेको एक समिति रहनेछ ।

***बालबालिका सबैका प्यारा !! बालमैत्री नगर हाम्रो अभिभारा !!***

समितिको कार्यकाल २ वर्षको हुनेछ । बैठक दुई दुई महिनामा बस्ने र आवश्यकतानुसार थप बैठक बस्न सक्नेछ ।

***बालकोष संचालन समितिको संरचना***

| क्र.सं. | पद | सहभागिताको क्षेत्र | कैफियत |
|---|---|---|---|
| १ | संयोजक | नगर प्रमुख | |
| २ | सदस्य | नगर उपप्रमुख | |
| ३ | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | सदस्य | वडा अध्यक्षहरु मध्येबाट १ जना | |
| ५ | सदस्य | संयोजक सामाजिक विकास समिति | |
| ६ | सदस्य | बालमैत्री स्थानीय शासन वडा समितिबाट १ जना | |
| ७ | सदस्य | बाल संरक्षण तथा संबर्द्धन समितिबाट १ जना | |
| ८ | सदस्य | वडा प्रहरी कार्यालय, भद्रपुर | |
| ९ | सदस्य | आर्थिक प्रशासन शाखा प्रमुख | |
| १० | सदस्य | संरक्षक शिक्षक मध्ये १ जना | |
| ११ | सदस्य | नगर बाल संजाल संजाल अध्यक्ष | |
| १२ | सदस्य | संघ संस्थाका प्रमुख मध्येबाट १ जना | |
| १३ | सदस्य सचिव | सामाजिक शाखा प्रमुख | |

आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ

## ९. बालकोषको मितव्ययिता

बालकोषको मितव्ययिता र बालबालिकाहरुको लागि लाभदायी बनाउन बालकोष संचालन कार्यविधिमा तोकिएको समितिको निर्णय र नगरपालिकामा रहेका सरोकारवालाहरुको सल्लाह सुझावको पालना गरी भद्रपुर नगरपालिका भित्र बसोबास गर्ने बालबालिकाहरु मध्ये जोखिममा परेकाहरुको प्राथमिक चरणमा उद्धार र दोस्रो चरणमा परिवारमा नै पुनः स्थापना गरिनेछ । जोखिममा परेका बालबालिकाहरुको क्षेत्रमा कार्य गर्ने निकायहरुसँगको प्रत्यक्ष सम्पर्क र समन्वय गरी पहिलो चरणको राहत पछि पनि बालबालिकाहरुलाई सहयोग गर्न सम्बन्धित निकायहरुको सहयोग लिने वातावरण तयार गरिनेछ । कोषको वितरण र खर्च गर्दा व्यक्तिगत मनोमानी भन्दा पनि बालकोष संचालन समितिको निर्णय र सिफारिस पछि मात्र गरिनेछ । बालकोष वृद्धि र परिचालन व्यवस्थित रुपले गरिनेछ र बालबालिकाहरुलाई गरिएको खर्च रकम र बालबालिकाहरुको विवरणहरु अध्यावधिक गरिनेछ ।

## १०. कोषको लेखा परीक्षण र पारदर्शिता

भद्रपुर नगरपालिकाको अगुवाईमा नगरपालिका भित्र रहेका सबै बालबालिकाहरुको बाँच्न पाउने, हेला दुर्व्यवहार र जोखिमबाट सरुक्षित रहन पाउने अधिकारलाई संस्थागत गर्न स्थापना गरिएको बालकोष नगरपालिकाले आय व्यय खाता राखी कोष कारोवारको अभिलेखिकरण गर्नेछ । बालकोषबाट भएको आम्दानी र खर्चको विवरण वार्षिक रुपमा नगरपालिकाले गर्ने सार्वजनिक सुनुवाई कार्यक्रममा सोको विवरण प्रस्तुत गर्नु पर्नेछ । बालकोषको आय र व्ययको हिसाब नगरपालिकाको आर्थिक प्रशासन शाखाले दोहोरो श्रेस्ता प्रणालीमा राख्नु पर्नेछ । बालकोषको लागि अलग्गै रजिस्टर राखी कोषसँग सम्बन्धी विवरणहरु चुस्त र दुरुस्त राखिनेछ ।

## ११. कोषको सुरक्षा

- भद्रपुर नगरपालिका, वडा कार्यालय, बालमैत्री स्थानीय शासन नगर समिति, वडा समिति, बालक्लब संजाल, सामाजिक विकास शाखा, बाल संरक्षण तथा संबर्द्धन समिति र राजनैतिक दल समेतको पहलमा स्थापना गरिएको बाल कोषमा जम्मा रहेको रकमको हिफाजत र सुरक्षा गर्ने सबैको दायित्व रहनेछ ।
- बालकोषमा रहेको रकमको सहि सदुपयोग भए नभएको एकिन गर्न नगरपालिकामा रहेको अनुगमन समितिले निगरानी गर्नु पर्नेछ ।
- बालकोष समिति निष्कृय भई काम गर्न नसकेमा सो कोषको संरक्षण गरी बालबालिकाको क्षेत्रमा नै खर्च गर्नु पर्नेछ ।
- बाल कोषको रकमबाट नगर कार्यपालिकाले अन्य शिर्षकमा रकमान्तर गर्न पाउने छैन ।

**अनुसूचि -१**
**आम्दानी रसिदको नमूना**

***बालबालिकामा गरिएको लगानीले ल्याउँछ सुनौलो बिहानी !***

रसिद नं................ मिति :................

श्री ..............................................................ठेगाना ........................................

| *विवरण* | *रकम* | *कैफियत* |
|---|---|---|
| नगरपालिकामा जोखिम पूर्ण अवस्थामा रहेका बालबालिकाहरुको संरक्षणका लागि सहयोग वापत । | | |
| अक्षेरुपी : | | |

**सहयोग दिनेको दस्तखत** **सहयोग वुझ्नेको दस्तखत**

............................... ..................................

***बालबालिका सबैका प्यारा !! बालमैत्री नगर हाम्रो अभिभारा !!***

अनुसूचि -२

**बालकोष आय व्यय विवरण खाताको नमूना**

| मिति | आम्दानी | | लगानी | | मौज्दात | कैफियत |
|---|---|---|---|---|---|---|
| | विवरण | रकम | विवरण | रकम | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

आज्ञाले
तुलसी बहादुर श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

*बालबालिका सबैका प्यारा ‼ बालमैत्री नगर हाम्रो अभिभारा ‼*